का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ मंसिर २०८०,
बुधबार
22 November 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २१, अंक २८७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# शान्ति प्रक्रियामा शीर्ष सहमति

शान्ति सम्झौतामा हस्ताक्षर गर्ने दलमध्येका कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका तीन शीर्ष नेताहरूले शान्ति प्रक्रिया शुरु भएयताको अवधिको समीक्षा गर्दै शान्ति प्रक्रियाको बाँकी काम जतिसक्दो छिटो सक्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ मंसिर ।



शान्ति प्रक्रिया सुरू भएको १७ वर्ष पूरा भएको दिन मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओली झण्डै एक घण्टा लामो छलफलमा जुटे ।

प्रधानमन्त्री निवास बालुवाटारमा साँझ भएको भेटवार्तामा पछिल्लो राजनीतिक घटनाक्रम र शान्ति प्रक्रियालगायत विषयमा संवाद भयो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका अनुसार छलफलका क्रममा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेकामध्ये प्रमुख तीन राजनीतिक दलले शान्ति प्रक्रियाको बाँकी काम जतिसक्दो छिटो सक्ने प्रतिबद्धता व्यक्त गरेका छन् । शान्ति सम्झौतामा हस्ताक्षर गर्ने दलमध्येका कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका तीन शीर्ष नेताहरूले शान्ति प्रक्रिया सुरू भएयताको अवधिको समीक्षा गर्दै यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् ।

प्रधानमन्त्रीका स्वकीय सचिव रमेश मल्ल भन्छन्, 'विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको दिनको सन्दर्भमा शान्ति सम्झौताका मुख्य साझेदार दल मध्यका तीन नेताहरूको बालुवाटारमा महत्वपूर्ण छलफल भएको छ । 'शान्ति प्रक्रियाका बाँकी काम छिटोभन्दा छिटो पूरा गर्न हामी एकताबद्ध र प्रतिबद्ध रहेको उहाँहरुले बताउनुभएको छ ।'

तत्कालीन विद्रोही माओवादी र दलहरूबीच २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता भएको थियो । तर शान्ति प्रक्रिया सुरू भएको १७ वर्षसम्म पनि संक्रमणकालीन न्याय र शान्ति प्रक्रिया टुंगो लगाउन दलहरू सफल भइसकेका छैनन् । संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक प्रतिनिधि सभामा विचाराधीन छ ।

# भागबण्डामा न्यायाधीश नियुक्ति

सरोकारवालाहरुका अनुसार राजनीतिक भागबण्डालाई निरन्तरता दिँदै न्यायपरिषदले न्यायाधीशका लागि नाम सिफारिस भएको छ ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ५ मंसिर ।

न्याय परिषदले सर्वोच्च अदालतमा ६ जना न्यायाधीश सिफारिस गरेको छ ।

मंगलबार प्रधानन्यायाधीश एवं परिषदका अध्यक्ष विश्वम्भर प्रसाद श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले चार जना उच्च अदालतका न्यायाधीश र दुई जना कानुन व्यवसायीलाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेको हो ।

कानुन व्यवसायीबाट बालकृष्ण ढकाल र सुनिल पोखरेल सिफारिस भएका छन् । उच्च अदालतका न्यायाधीशहरु सारङा सुवेदी, टेकप्रसाद ढुंगाना, महेश शर्मा पौड्याल र अब्दुल अजिज मुसलमानलाई सर्वोच्चको न्यायाधीश सिफारिस गरिएको छ ।

उनीहरुलाई संसदीय सुनुवाई समितिले अनुमोदन गरेमा सर्वोच्चको न्यायाधीश नियुक्त हुनेछन् । संविधानअनुसार सर्वोच्चमा २१ जना न्यायाधीश हुनुपर्छ । हाल १४ जना मात्रै छन् । मंगलबार ६ जना सिफारिस हुँदा अझै एक न्यायाधीशको पद रिक्त छ ।

साथै, न्याय परिषदले उच्च अदालतमा ६ जना मुख्य न्यायाधीश सिफारिस गरेको छ । लोहितचन्द्र शाहलाई उच्च अदालत सुर्खेतमा, माधवप्रसाद पोखरेल उच्च अदालत पोखरा, रमेशप्रसाद राजभण्डारी उच्च अदालत विराटनगर, श्रीकान्त पौडेल उच्च अदालत जनकपुर, नित्यानन्द पाण्डे उच्च अदालत तुलसीपुर र शान्ति सिंह थापा उच्च अदालत दिपायलमा नियुक्तिका लागि सिफारिस भएका हुन् ।

सरोकारवालाहरुका अनुसार राजनीतिक भागबण्डालाई निरन्तरता दिँदै न्यायपरिषदले न्यायाधीशका लागि नाम सिफारिस गरेको हो । टेकप्रसाद ढुंगाना »» पृष्ठ २ मा

## टिकटकमाथिको प्रतिबन्ध

# सर्वोच्चले दिएन अन्तरिम आदेश

नागरिकको अभिव्यक्ति स्वतन्त्रता हनन हुने गरी सरकारले टिकटकमा प्रतिबन्ध लगाएको भन्दै विवाद न्यायलय छिरेको थियो । यस सम्बन्धमा कारण देखाउन आदेश जारी भएसँगै टिकटकमाथिको प्रतिबन्धले निरन्तरता पाएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ मंसिर ।

सर्वोच्च अदालतले टिकटकमाथिको प्रतिवन्ध हटाउने मागमा अन्तरिम आदेश दिन अस्विकार गरेको छ ।

न्यायाधीश विनोद शर्माको एकल इजलासले मंगलबार टिकटकमाथि रोक लगाउनुको कारण पेश गर्न आदेश जारी गरेको छ । कारण देखाउन आदेश जारी भएसँगै टिकटकमाथिको प्रतिवन्धले निरन्तरता पाएको छ ।

नेपालमा टिकटक रोक लगाउने निर्णयविरुद्ध सर्वोच्चमा दर्ता भएका १४ वटा रिट परेका छन् । त्यसमाथि संयुक्त रुपमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले निवेदकले माग गरेबमोजिम अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो । उनीहरूले टिकटकमा लगाएको प्रतिबन्ध हटाउन माग गरेका थिए । त्यसका लागि सरकारका नाममा अन्तरिम आदेश दिनुपर्ने जिकिर गरेका थिए ।

सरकारले कात्तिक २७ गते नेपालमा टिकटकमा रोक लगाउने निर्णय गरेको थियो । त्यसविरुद्ध वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ताहरु स्वागत नेपाल, सुनिल रञ्जन सिंह, जगन्नाथ दुलाल, यज्ञमणि न्यौपानेलगायतले मंसिर १ गते सर्वोच्चमा रिट दर्ता गरेका »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# कृषि कामदार लैजान इजरायलको तयारी तीव्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ मंसिर

इजरायलले कृषि क्षेत्रका लागि विदेशबाट कामदार लैजाने प्रक्रियालाई पुनः तीव्रता दिएको छ । प्यालेस्टाइनको लडाकु संगठन हमासको आक्रमणपछि अधिकांश कृषि कामदार असुरक्षाको कारण देखाउँदै स्वदेश फर्किएपछि हाल इजरायलमा कृषि कामदारको समस्या बढेको छ ।

विद्रोही हमाससँगको लडाइँ समाप्त हुने परिस्थिति देखिएपछि इजरायलले कृषि क्षेत्रमा हुनसक्ने विदेशी कामदारको अभाव परिपूर्ति गर्न कामदार ल्याउने कामलाई तीव्रता दिएको बताइएको छ । मंगलबार साँझ कतारको विदेश मन्त्रालयले हमास र इजरायलका बन्दी रिहाइका लागि वार्ता अन्तिम चरणमा पुगेको बताएको छ । त्यसले अब युद्ध रोकिने विश्लेषण गरिएको छ ।

कृषि उत्पादनलाई पहिले अवस्थामा फर्काउन सरकारीस्तर (जीटुजी मोडल)मा कामदार लैजान सम्झौता गरेका मुलुकहरूबाट समेत इजरायलले गैरसरकारी प्रक्रियाबाट कामदार ल्याउन आफ्नो मुलुकको निजी क्षेत्रलाई अनुमति दिएको बताइएको छ । भरपर्दो समाचार श्रोतका अनुसार इजरायलले आगामी तीन महिनाभित्र कृषि »» पृष्ठ २ मा

## मियालाई शान्ति दूतको उपाधि



**काठमाडौं/मस-** नेपाली कामदारहरुको बैदेशिक रोजगारको प्रमुख गन्तब्यहरुमध्ये पर्ने कतारलाई कर्मथलो बनाएका मानवअधिकारकर्मी प्रोफेसर मोहम्मद रमजान अलि मियालाई अमेरिकी संस्था ग्लोबल पिस चेनले शान्ति दूतको उपाधि प्रदान गरेको छ । ग्लोबल पिस चेनको सेलेक्सन कमिटीले प्रो. मियालाई सामाजिक कार्य गर्दै शान्ति कायम राख्न र समाजमा गरेको कार्यको मूल्यांकन गर्दै शान्ति दूतको उपाधि प्रदान गरको हो ।

लेखक तथा अरबी साहित्यकारको समेत परिचय बनाएका प्रोफेसर मियालाई कतारमा नेपाली समुदायमा हार्दिकता, मेलमिलाप जस्ता उत्कृष्ट मानवीय तथा सामाजिक कार्य गरेको ठहर गर्दै शान्ति दूतको उपाधि प्रदान गरिएको अक्सा हमीदी र कामरान जफरद्वारा जारी बिज्ञप्तिमा उल्लेख छ । कतारबाट शान्ति दूतमा छनोट भएका प्रो. मिया »» पृष्ठ २ मा


## युएईमा वैदेशिक रोजगारको अवसर

GARDINIA CONTRACTING

कम्पनी : GARDINIA BUILDING CONTRACTING L.L.C | शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०७/२४ | चलानी नं.: ६०२१००३१ | LT. No.: 294962

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,८४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 50 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 3. | Concrete Mason | 50 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 4. | Scaffolder | 25 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 5. | Steel Fixer | 30 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 6. | Tile Layer | 25 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 7. | Building Labourer | 200 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 8. | Brick Layer | 250 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |

| अन्तर्वार्ता हुने मिति : | अन्तर्वार्ता हुने स्थान : | मोवाइल |
|---|---|---|
| २०८० मंसिर ६, ७, १४ र १५ गते (22, 23 & 30 Nov. & 1 Dec. 2023) | सान ट्रेनिङ सेन्टर, जनकपुर | 9801673549 / 9801673550 |
| २०८० मंसिर ७ र १५ गते (23 Nov. & 1 Dec. 2023) | (बि.एम./न्यू राम जानकी) | |
| २०८० मंसिर ८ गते (24 Nov. 2023) | बाजेके सेकुवा, पोखरा | 9802850001 / 9802850003 |
| २०८० मंसिर १० र १७ गते (26 Nov. & 2 Dec. 2023) | तिलोत्तमा ट्रेनिङ सेन्टर, बुटवल | 9857043161 |
| २०८० मंसिर ११ गते (27 Nov. 2023) | गजराज ट्रेनिङ सेन्टर, नेपालगंज | 9848042675 |
| २०८० मंसिर १२ गते (28 Nov. 2023) | झापा प्राबिधिक शिक्षालय, बिर्तामोड | 9801452351 |
| २०८० मंसिर १३ गते (29 Nov. 2023) | मुनाल ट्रेनिङ सेन्टर, इटहरी | 9803727571 / 9817340294 |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SAAN NEPAL (P.) Ltd. (A manpower consultant)
SAAN NEPAL Pvt.Ltd.
Battisputali-9, Kathmandu, Tel.: 01-4584977 | 4585077 | 9801088616 | 9801088617 | 9801088618
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np



EUROPEAN SECURITY الأوروبية للحراسة

Free Visa ! Free Ticket! Free Recruitment!!
(Zero Cost) सहित QATAR मा रोजगार
European Guarding & Security Services Co

Pre-approval Date:2023/11/20 | Dispatch No: 60210237 | LT No. : 295188

| S. N. क्र. स. | Category कामदारको पद | QTY. माग संख्या पुरुष Male | Qualification योग्यता | Salary मासिक तलब QR | Salary मासिक तलब NRS. | Working Hrs./Day प्रतिदिन काम गर्ने घण्टा | Working days /week हप्तामा काम गर्ने दिन | Yearly Holidays/ Over Time Facility बार्षिक बिदा/ ओभर टाईम सुविधा | Food खाना सुविधा | Accommodation बस्ने सुविधा | Contract Period करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | Security Guard सेक्युरीटी गार्ड | 25 २५ | Experienced in the related field. सम्बन्धित काममा दक्ष | 1500 १५०० | 54,606/- ५४,६०६/- | 8 hours a day ८ घण्टा | 6 days a week ६ दिन | as per company rule क. नि. अनुसार | Provided by company रोजगारदाता कम्पनीले दिनेछ | | 2 Years २ वर्ष |

यसै कम्पनीको लागि Female Security Guard हरुको माग भएकोले निशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

नोट : ❖ उमेर : २२–३६ वर्ष सम्म ❖ उचाई ५ फिट ६ ईन्च भन्दा माथि ❖ SLC पासका साथै अंग्रेजी राम्रोसंग बोल्न, पढ्न, लेख्न सक्ने र काममा दक्ष हुनुपर्नेछ ।

| Medical Expenses In Nepal (स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Medical Expenses In Qatar (बिदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Nepal (स्वदेशमा गरिने बिमा खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Qatar (रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने) | Ticket Expenses (हवाई टिकट कसले दिने र कति लाग्ने) | Visa Expenses (भिषा शुल्क कसले दिने र कति लाग्ने) | Welfare Fund in Nepal (नेपालमा गरिने कल्याणकारी खर्च) | Orientation Charge in Nepal (नेपालमा गरिने अभिमुखीकरण शुल्क) | Social Security Fund सामाजिक सुरक्षा कोष | Recruitment Agency Service Charge (सेवा शुल्क) |
|---|---|---|---|---|---|---|---|---|---|
| By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | Provided By The Company Free of Cost (नि:शुल्क रोजगारदाता कम्पनीले) | | By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) |

No fees shall be charged to workers at any phase in the recruitment selection and hiring or deployment process

Note १. आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
Applicants are requested to submit their application directly without using any mediator. Applicants Family members/Relatives/Friends) are not required to make any payments for this employment.
२ प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview

Pre Interview will be held on November 27 & 28, 2023 at CP Hotel Birtamode, Jhapa & Final Interview will be held by a Company Representative on November 29, 2023 at CP Hotel Birtamode, Jhapa

प्रि-अन्तरवार्ता २०८० मंसिर ११ र १२ गते सि. पी. होटल, बिर्तामोड, झापामा र फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट २०८० मंसिर १३ गते सि. पी. होटल, बिर्तामोड, झापामा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com | info@aarohiirsolutions.com
01-4961807, 4962925 | 9802067941, 9801081902



## Romania मा वैदेशिक रोजगारको अवसर

कम्पनी: JORDAN RIVER RECRUITMENT SRL | शहर : ROMANIA
पूर्व स्वीकृत मिति: २०७९/११/१० | चलानी नं.: ६०१९७०४९ | LT. No.: 281375 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 10 | सम्बन्धित काममा दक्ष | 550 | ७३,१७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Worker | 10 | 0 | | 550 | ७३,१७७ | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 550 | ७३,१७७ | | | | | | | |
| 4. | Cook Helper | 5 | 0 | | 550 | ७३,१७७ | | | | | | | |
| 5. | General Worker | 20 | 0 | | 600 | ७९,८३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १३ गते (29 Nov 2023) मा हुनेछ ।

नोट: यसै कम्पनीको लागि Security Guard/ Driver/ Sales Person/ Bartender/ Barista/ Bakery Helper/ Veterinary Doctor/ Electrician/ Plumber र Tile mason को पनि माग भई आएकाले नि:शुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.४०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Global Welfare Hr Solution Pvt. Ltd.
Govt. Lic. No. 1320/074/075
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4970357, 4989246
Mobile : 9803569272, 9803569268, 9803569273, 9851339623.
E-mail: document.globalhr@gmail.com, Info@globalwelfarehr.com
Web.: www.globalwelfarehr.com



## Vacancy Annoucement

A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:




Public Relation Officer: 4 (Male/Female)
Should have 2 years of experience in Manpower Field with Computer Skill.

Receptionist: 2 ( Female)
Should have 2 years of experience in Manpower Field & known the computer skill and typing.

Send the cv on info@khagoloverseas.com

खगोल ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ६३५/०६३/०६४
बानेश्वर, काठमाडौं, फोन: ५२४४०४६, ५२४४७४७, ५२४४४४८

# कुलपति राईद्वारा १५ लाख बराबरको अनेसास पुरस्कार वितरण



**अमेरिका/मस-** प्रवासमा रहेका नेपाली साहित्यकारद्वारा स्थापित 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज'(अनेसास)ले विशेष योगदान पुऱ्याउने साहित्यकारलाई 'अनेसास पुरस्कार'प्रदान गरेको छ ।

यस वर्ष नेपाल प्रज्ञा -प्रतिष्ठानका कुलपति भूपाल राईको प्रमुख आतिथ्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११५ औँ जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा उक्त पुरस्कार वितरण गरिएको हो ।

अमेरिकाको भर्जिनियामा आयोजित कार्यक्रममा प्रमुख अतिथि राईले कलशमा दियो बाल्दै महाकवि देवकोटाको तस्बिरमा माल्यार्पण गरेर कार्यक्रमको उद्घाटन गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि राईले भारतका रण काफ्लेलाई 'रैथाने' उपन्यासका लागि ४२ हजार १ सयको अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार प्रदान गरेका छन् ।

यसैगरी उनले महेश्वर पन्त- बोस्टन अमेरिका- 'बौलाको डायरी' ४१ हजार, श्री बाबु कार्की -नेपाल , 'सन्दिग्ध शताब्दी' निबन्धसंग्रह ४१ हजार, कल्पना खरेल नेपाल 'रानी तलाउ' ४१ हजार, गणेशकुमार जिसी नेपाल 'अरनिको एसिया'४१ हजार, सिन्धु पौडेल- इजरायल 'मृतसागरको उचाइबाट' कवितासंग्रह ४१ हजार,डा.गोविन्द आचार्य नेपाल 'दङ्गी उर्वशी'४१ हजार, निर्मोही व्यास नेपाल 'आवारा बादल नियात्रा' ४१ हजार, महेश पौड्याल 'नेपाल अपरिचित अनुहार 'कथासंग्रह ४१ हजार, खेम रिजाल अमेरिका ऊर्जा गीतसंग्रह ४५ हजार र मोहन सिटौला-अमेरिका सुनिल पाठक विशिष्ट पुरस्कार ४२ हजारको पुरस्कार प्रदान गरेका थिए ।

उपर्युक्त पुरस्कारको प्रायोजन प्रा.डा. गोपी उप्रेती, रोहिणी शर्मा, डा.श्याम कार्की, सुमन तिम्सिना, गीता खत्री, डा. चुडामणि खनाल, तीर्थराज पाण्डे, पदम विश्वकर्मा, पुरू कल्पना सुवेदी र सुनिल पाठकले गरेका थिए ।

यसै क्रममा प्रमुख अतिथि राईले प्रज्ञा-प्रतिष्ठान र अनेसासबिच आफू सहकार्य गर्दै अघि बढ्ने कुरा उल्लेख गरेका थिए । साथै उनले नेपाली भाषा र साहित्यलाई अन्तर र्राष्ट्रियस्तरमा पुऱ्याउन अनेसासको महत्वपूर्ण भूमिका रहेको बताए । कार्यक्रमका विशेष अतिथि नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (पद्य/काव्य) विभाग प्रमुख बाबा बस्नेतले साहित्यिक क्षेत्रमा अनेसासको योगदानलाई कसैले भूल्न नसक्ने बताए ।

यसै सिलसिलामा बिओटी सभापति पदम विश्वकर्मा, अनेसास केन्द्रीय अध्यक्ष गोवर्द्वन पूजा, संस्थापक अध्यक्ष होमनाथ सुवेदी, निवर्तमान बिओटी अध्यक्ष गीता खत्रीको विशेष आतिथ्य रहेको थियो । यसैगरी अतिथिहरूमा वरिष्ठ आख्यानकारद्वय कृष्ण धारावासी र नीलम कार्की निहारिका, एनआरएनए अध्यक्ष डा. अर्जुन बन्जाडे, पूर्वअध्यक्षमा पुरू सुवेदी, भीम रेग्मी र मोहन सिटौला, सल्लाहकारमा रोहिणी शर्मा, तीर्थराज अधिकारी, सीता पाण्डे रहेका थिए । यसपछि आभाष अर्याल, सचिन चापागाई ,सुयोग चापागाईं, रोजी गौतम र प्रसुन पौडेल लगायतका बालबालिकाले

नेपाल र अमेरिकाको राष्ट्रियगान गाएका थिए । डिसी च्याप्टरका महासचिव निलकण्ठ सुवेदीले सबैलाई स्वागत गरेका थिए । यसपश्चात् हरिमाया अधिकारीले महाकवि लक्ष्मीप्रसाद देवकोटाको गीत गाएकी थिइन् भने संयोजक तीर्थराज पाण्डेले स्थापित पुरस्कारका बारेमा बृहत् जानाकारी गराएका थिए । यससँगै पुरस्कृत व्यक्तित्वहरूलाई पुरस्कार प्रदान गरिनुका साथै पूर्व अध्यक्ष भीम रेग्मीलाई लाइफटाइम अचिभमेन्ट अवार्ड र होमनाथ सुवेदी, डा. श्याम कार्की, रोहिणी शर्मा, सुमन तिम्सिना र मोहन सिटौलालाई -२०२१ को दीर्घ सेवा पदक प्रदान गरिएको थियो ।

## भागवण्डामा...

प्रधानन्यायाधीश बन्ने रोलक्रममा रहने गरी सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस भएका छन् । न्याय परिषद्को बैठकले नहकुल सुवेदीपछि करिब ६ महिना प्रधानन्यायाधीश बन्ने रोलक्रममा रहने गरी ढुङ्गानाको नाम सिफारिस गरेको हो । हालको सिफारिस संसदीय सुनुवाइ समितिबाट अनुमोदित भएमा सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस भएका टेकप्रसाद ढुंगाना करिब ६ महिना सर्वोच्च अदालतको न्यायाधीश बन्नेछन् ।

हालको रोलक्रम अनुसार सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारबाट मुख्य न्यायाधीश हुँदै सर्वोच्च अदालतको न्यायाधीश बनेका नहकुल सुवेदी २०९३ असार ७ गतेसम्म प्रधानन्यायाधीश बन्नेछन् । त्यसपछि २०९३ पुष ५ गतेसम्म टेकप्रसाद ढुंगाना प्रधानन्यायाधीश बन्न सक्नेछन् । सर्वोच्च अदालतमा अवकाशको उमेर हद ६५ वर्ष रहेको छ । ६५ वर्ष पुगेपछि स्वतः अवकाशमा जाने भएकाले सुवेदी २०९३ असार ७ र ढुंगाना २०९३ पुष ५ मा ६५ वर्षे उमेर हदका कारण अनिवार्य अवकाशमा जानेछन् ।

## टिकटकमाथिको...

थिए । नागरिकको अभिव्यक्ति स्वतन्त्रता हनन हुने गरी सरकारले टिकटकमा प्रतिबन्ध लगाएको भन्दै विवाद न्यायलय छिरेको थियो । नेपाल विरुद्ध अनर्गल प्रचार एवं अश्लील गतिविधि भएको भन्दै सरकारले टिकटकमाथि प्रतिबन्ध लगाएको थियो । सर्वोच्चका सहायक प्रवक्ता गोविन्दप्रसाद घिमिरेका अनुसार मंसिर १५ गतेभित्र लिखित जवाफ पेश गर्न सरकारलाई भनिएको छ ।

साथै, न्यायाधीश विनोद शर्माको एकल इजलासले मंसिर १९ गते सबै रिटको सुनुवाइका लागि पूर्ण इजलासमा पेश गर्न आदेश गरेको छ ।

## कृषि...

कामदार लैजान पाउने गरी निजी क्षेत्रलाई अनुमति दिएको हो ।

उक्त अनुमतिपछि दक्षिण एशियाली मुलुक श्रीलंका र भारत तथा पूर्वी एशियाली मुलुक इन्डोनेशिया र भियतनामबाट कृषि कामदार इजरायल पठाउन प्रक्रिया तीव्र पारिएको बताइएको छ । कृषि कामदारको समस्या भएपछि नेपालबाट समेत विगतमा लर्न एण्ड अर्न कार्यक्रम अन्तर्गत विद्यार्थी इजरायल गएका थिए । तर हमासको आक्रमणमा दश नेपाली विद्यार्थीको मृत्यु भएपछि अन्यलाई उद्धार गरी फर्काउनु परेको थियो । अन्य देशबाट गएका कृषि कामदार पनि स्वदेश फर्केका छन् । हमासको अपहरणमा परेका विद्यार्थी विपिन जोशी अझैसम्म मुक्त भएका छैनन् । युद्धपछि अनिश्चितकालीनरूपमा श्रम स्वीकृति रोकेको नेपालको वैदेशिक रोजगार विभागले मंगलबारसम्म इजरायलको श्रम स्वीकृति खोलेको छैन । श्रम स्वीकृति रोक्ने विभागको निर्णय पछि युद्धअघि श्रम स्वीकृति पाएका करिब दुई दर्जन नयाँ र बिदामा नेपाल आएका दर्जनौं केयर गिभरहरूको इजरायल यात्रा रोकिएको छ ।

हाल इजरायलमा ४ हजार ५ सय केयरगिभर कार्यरत रहेका छन् । त्यसमध्ये केही हमासले इजरायलमा आक्रमण गर्नुअघि नै बिदामा घर आएका थिए । हाल बिदामा आएकाहरू मध्ये अधिकांश नोभेम्भर अन्तिम साता इजरायल फर्किनुपर्ने बाध्यतामा छन् । इजरायल नफर्केको अवस्थामा हातमा भएको आकर्षक तलबसहितको रोजगारी हालसम्मको सञ्चयकोष र उपदान पनि नपाउने अवस्था छ । नेपालमा हतार-हतार श्रम स्वीकृतिमा रोक लगाउने र खुलाउन भने अध्ययन गर्नुपर्ने भन्दै आलटाल गर्ने प्रवृत्ति छ ।

## मियालाई...

कतारको नेपाली समुदायका अग्रणी व्यक्तित्व हुन् । करिब डेढ दशकदेखि कतारमा रहेर मानव अधिकारको क्षेत्रमा काम गरेका प्रो. मियाले 'मैले देखेको कतार' पुस्तक प्रकाशनसहित कतारी श्रम कानूनको नेपाली भाषामा अनुवाद, कतारको राष्ट्रिय मानव अधिकार समितिमा कानूनी परामर्शदाताका रुपमा काम गरेका छन् । राष्ट्रिय मानव अधिकार समिति कतारमा आवद्ध मियाले कतारमा विभिन्न समस्यामा परेका हजारौं नेपाली कामदारको पक्षमा नीति निर्माणमा सहजता र पैरवीको काम गरिरहेका छन् । अरबी, नेपाली, उर्दू र हिन्दी भाषामा तीन दर्जन पुस्तक प्रकाशित गरेका प्रो. मियामा फारसी, मलेसियन, पस्तु, नेपाली, अंग्रेजी र हिन्दी भाषाको विज्ञता रहेको छ ।

### प्रमाणपत्र हरायो

मिति २०८०/०५/३१ गते आइतबारको दिन धरानबाट तुम्लिङटार जाने क्रममा बाटोमा मेरो मेडिकल प्रमाणपत्र र शैक्षिक प्रमाणपत्र सहित आवश्यक कागजपत्र हराएको हुनाले भेट्नुहुने महानुभले तलको ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्दिनुहुन आनुरोध गर्दछु ।

**नाम** : धनबहादुर बिश्वकर्मा
**ठेगाना** : चैनपुर ११ सिम्ले सङ्खुवासभा
**मोवाइल नं.** : ९८६०९५७४८२, ९८११३७७०२३

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/०६**

**टप वन कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८०/०८/०४ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सिटि कन्स्ट्रक्सन इन्जिनियरिङ्ग प्रा.लि. (प्रा.लि. नं.: ३२०१०२)** कायम गर्ने गरी मिति २०८०/०८/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

HIMALAYAN LIFE
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ५९७००५७, पो.ब.नं. २५९७९

### हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1 | PLI1010012693 | UPAMA UPADHYAYA | Kathmandu-4, Kathmandu |
| 2 | PLI1010011086 | SHREERAM THAPA CHHETRI | Gamlangtar, Okhaldhunga |
| 3 | GLI0230011202 | NEHA PAUDEL | Kathmandu Maha Nagarpalika Ward No. 35 Kathmandu |
| 4 | GLI0230011278 | BIMALA PAUDEL SANGRAULA | Kathmandu Maha Nagarpalika Ward No. 35 Kathmandu |
| 5 | PLI1330008993 | SUSILA RAI | Sunkoshi-4, Okhaldhunga |
| 6 | PLI1010016442 | OJASWI SUNAR (BISHWAKARMA) | Birtamod-4, Jhapa |
| 7 | PLI1010016441 | PRITAM BISOWKARMA | Birtamod-4, Jhapa |


### UAE मा रोजगार | कम्पनीः EJADAH ASSET MANAGEMENT GROUP LLC
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०८/०५ चलानी नं.: ६०२१०२८८ L.T. No.: 295295

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Assistant | 25 | 25 | स. काममा दक्ष | 1200 | ४३,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १३ गते (29 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** श्रम ईजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोनः ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७


## विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

दुम्किवास, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८०/०७/०६**

यस कार्यालयबाट मिति २०८०/०५/३१ गते तपसिल बमोजिम कार्यको लागि आवहान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर र प्रोभिजनल सम सहित ) |
|---|---|---|---|---|
| 1 | 03/BTRM/NCB/ Works/2080-081 | Gumba Ghumti Siseni Bato Istarunnati | Radhe Krishna Nirman Sewa Pvt. Ltd. Rajpur Municipality Ward No.7 | 3659824.8 NPR |
| 2 | 04/BTRM/NCB/ Works/2080-081 | Wada No 2 Ko Bibhinna Bato Istarunnati | Dhananjay Engineering Pvt.Ltd. Kathmandu-10, Buddhanagar | 8213278.45 NPR |
| 3 | 05/BTRM/NCB/ Works/2080-081 | Kanikesal Chispani Chukaha Bhisekhola Samma Sadak Istarunnati | Dhananjay Engineering Pvt.Ltd. Kathmandu-10, Buddhanagar | 9195357.31 NPR |
| 4 | 06/BTRM/NCB/ Works/2080-081 | Bagaicha Aadarshatol Salghari Sadak Starunnati | B K NIRMAN SEWA, Doramba, Ramachhap | 8677124.84NPR |
| 5 | 07/BTRM/NCB/ Works/2080-081 | Khumbari Lale Sadak Tata Bhaisekhola Deurali Sadak Istarunnati | Dhananjay Engineering Pvt. Ltd. Kathmandu-10, Buddhanagar | 4165988.53 NPR |
| 6 | 08/BTRM/NCB/ Works/2080-081 | Wada No 5 Ko Wada Bhawan Compound Nirman | kaaligandaki nirman sewa, Nawalparasi Bulingtar | 1123867.06 NPR |
| 7 | 09/BTRM/NCB/ Works/2080-081 | Upgradation of Prasaiya Sahumara Shivpurgarhi Keulani Road | Sudrab Design and Construction, Pratappur-9,Pajarkatti | 16209998.15 NPR |
| 8 | 10/BTRM/NCB/ Works/2080-081 | Wada No 7 Ko ko Bibhinna Bato Istarunati | Paiyu construction and suppliers, Tribeni Sustha, Nawalparasi West | 6119621.66 NPR |

**प्रमुख प्रशासकीय अधिकृत**

## Melamchi Municipality
## Office of the Municipal Executive

Melamchi, Sindhupalchok

### आर्थिक प्रस्ताब खोल्ने बारेको सूचना

**प्रकाशित मिति**: २०८०/०८/०६

मेलम्ची नगरपालिकाबाट मिति २०८०/०६/०९ गते राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा मिति २०८०/०७/०९ गते दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमकका बोलपत्रदाताहरुको बोलपत्रको प्राबिधिक प्रस्ताब परिक्षण गर्दा बोलपत्रमा माग भए बमोजिमको योग्यताको आधारमा योग्य भई सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ को उपनियम (५) बमोजिम तपसिल बमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब मिति **२०८०/०८/१३** गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने हुँदा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

**Project Name : Upgrading Work Of Piple-OkheraniChaur-Dhaule Sadak.**

**Contract No:- MMSI/WORKS/NCB/2080-81/04**

| Bidder Name | Address |
|---|---|
| M/S srb builders pvt ltd, | Sindhupalchok |
| M/S Rudra Devi Construction | kathamandhu |
| M/S RR-Kapil JV | Dolakha |

**Project Name : Construction of 12 No. Ward Office Building,Melamchi Municipality**

**Contract No:- MMSI/WORKS/NCB/2080-81/05**

| Bidder Name | Address |
|---|---|
| M/S Bajra Nirman Sewa, Sindhupalchok | Sindhupalchok |
| M/S RudraDevi/Batu Safal J/V | Kathmandu |
| M/S Vision/Bhatbhateni J/V Kavre | Kavre |
| M/S Joshi G Construction Pvt.Ltd. | Kavre |
| M/S Jugal Himshikhar/Kedar Nirman Sewa | Kathmandu |

# उपत्यकाका 'भीभीआईपी' क्षेत्रमा निषेधाज्ञा



**काठमाडौं/मस–** काठमाडौं उपत्यकाको अति विशिष्ठ व्यक्ति (भीभीआईपी) क्षेत्रमा निषेधाज्ञा जारी गरिएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले महाराजगञ्जस्थित राष्ट्रपति कार्यालय शितलनिवास र प्रधानमन्त्री निवास बालुवाटार वरिपरिको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको हो ।

जिल्ला सुरक्षा समितिको सिफारिसका आधारमा भन्दै शितलनिवास र बालुवाटार क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको जिल्ला प्रशासन कार्यालय काठमाडौंले जनाएको छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) अनुसार, तोकिएको निषेधित क्षेत्रमा ३० दिनसम्म ५ जनाभन्दा बढी व्यक्ति भेला भएर जुलुस, प्रदर्शन, धर्ना, घेराउन, अनशन सभा लगायतका आन्दोलन वा विरोधका कार्यक्रम गर्न पाइने छैन ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतका अनुसार शितलनिवासमा पूर्वतर्फ पवित्र वर्कसपसम्म, पश्चिममा सामाखुशी निस्किने नालासम्म, उत्तरमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको दक्षिण पूर्वी गेटसम्म र दक्षिणमा प्रहरी अस्पताल जाने मोडसम्म निषेधित क्षेत्र तोकिएको छ ।

बालुवाटारमा पवित्र वर्कसप चोकबाट बालुवाटारतर्फ नेपाल राष्ट्र बैंक चोकसम्म र सभामुख निवासदेखि गैह्रीधारा जाने बाटोको पश्चिम दक्षिण १०० मिटरसम्म निषेधित क्षेत्र तोकिएको छ ।

विशिष्ट पदाधिकारीको निवास, कार्यालय वा मुलुकको प्रशासनिक केन्द्र तथा मुख्य आगमन मार्गहरुमा भेला भएर धर्ना, घेराउ लगायतका कार्यक्रम गर्दा विभिन्न समूहबीच आपसी विवाद, झैझगडा, मुठभेड भएर शान्ति, सुरक्षा भंग हुनसक्ने तर्क गर्दै प्रशासनले यो आदेश जारी गरेको हो । यसअघि सोमबार काठमाडौं प्रशासनले माइतीघर मण्डलादेखि बानेश्वरसम्मको क्षेत्रमा निषेधाज्ञा लगाउने निर्णय गरेको थियो ।

७ मंसिरमा युवा संघ र दुर्गा प्रसाईं नेतृत्वको समूहले आयोजना गरेको छुट्टाछुट्टै शक्ति प्रदर्शनको कार्यक्रमको पूर्वसन्ध्यामा प्रशासनले यो निर्णय गरेको हो ।

यसैबीच जिल्ला प्रशासन कार्यालय ललितपुरले पनि विभिन्न स्थानमा निषेधाज्ञा जारी गरेको छ ।

प्रशासनले पुल्चोकस्थित संयुक्त राष्ट्रसंघीय कार्यालय र मन्त्री निवास वरपरको क्षेत्रमा पाँच जनाभन्दा बढी हिँड्डुल गर्न नपाउने गरी निषेधाज्ञा जारी गरेको हो ।

युएन हाउस र मन्त्री निवास वरपरको क्षेत्रको सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गरी प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डितले मंगलबारदेखि आगामी छ महिनासम्म लागू हुने गरी उक्त क्षेत्रमा निषेधाज्ञा जारी गरेका हुन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/१२/२७ मा दर्ता भएको **श्रीमाता गौरी ट्रेड एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. ३१०७४४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

# चिसोका कारण जाजरकोटमा शिशुको निधन

**काठमाडौं/मस–** चिसोबाट जाजरकोटमा एक महिने शिशुको निधन भएको छ । भूकम्पले घरमा क्षति पुगेपछि त्रिपालमा बस्दै आएका भेरी नगरपालिका–२ का हुकुमबहादुर पुनकी एक महिनाकी छोरी निरुताको चिसोले निधन हो । भेरी –२ का पूर्ववडाध्यक्ष कालिबहादुर वलीका अनुसार तीन दिनअघि बिरामी परेकी शिशुलाई उपचारका लागि जिल्ला अस्पताल लगिएको थियो । निमोनियाले बिरामी परेकी निरुताको उपचारका क्रममा मृत्यु भएको जिल्ला स्वास्थ्य सेवा कार्यालयका सूचना अधिकारी कृष्णबहादुर खत्रीले जानकारी दिए । चिसोबाट जाजरकोटमा ५० भन्दा बढी बालबालिका बिरामी परेका छन् ।

## बीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बीरगंज, पर्सा, मधेश प्रदेश**

**बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना**

**प्रथम पटक प्रकाशन मिति : (२०८०/०८/०६ गते)**

यस बी.म.न.पा. अन्तर्गत आ.व. २०८०/०८१ मा यस कार्यालयको मिति २०८०/०६/०९ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित सूचना अनुसार ठेक्का न. BMC/NCB/GOODS/2080/081/01 (Supply and Delivery of Printing Items) कार्यको लागि बोलपत्र आह्वान गरिएको र मिति २०८०/०७/१९ गते खोलि मूल्यांकन गर्दा न्यूनतम अंक कबोल गरेको देहाय बमोजिमको बोलपत्रदाता सफल हुन आएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५, २७ र बीरगंज महानगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७७ को दफा ६९, ७० अनुसार सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गरि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का न. | सफल भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) रु. | % घटी |
|---|---|---|---|---|
| १ | BMC/NCB/GOODS/2080/081/01 (Supply and Delivery of Printing Items) | मध्य नेपाल प्रेस, बि.म.न.पा-८, पानीटंकी | १३,०३,३९५।११ | -७८.०२% |

## यूएईको सुपरमार्केटमा रोजगारको अवसर

**१. कम्पनी : SPINNEYS DUBAI LLC.** शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०७ LT. No.: 289571 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 67 | 0 | सम्बन्धित काममा दक्ष | 2025 | ७३,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Stall And Market Salesperson | 430 | 192 | | 2025 | ७३,३४५ | | | | | | | |

**२. कम्पनी : FINE FARE FOOD MARKET L.L.C** शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०९ LT. No.: 289574 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 45 | 30 | सम्बन्धित काममा दक्ष | 2025 | ७३,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Officer | 53 | 20 | | 2025 | ७३,३४५ | | | | | | | |

**३. कम्पनी : SPINNEYS ABU DHABI LLC** शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०८ LT. No.: 289573 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 243 | 35 | स. काममा दक्ष | 2025 | ७३,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १७ गते देखी मंसिर २४ सम्म (3-10 Dec 2023) सम्म हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

**न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ । CHEF, COOK, BARISTA, BAKERY, KITCHEN STAFF, COFFEE SHOP, FAST FOOD, RESTAURANT STAFF सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता । फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन । कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ तथा अन्तरवार्तामा सक्कल राहदानी, शैक्षिक प्रमाण पत्र तथा सम्बन्धित कामको अनुभवको प्रमाण पत्र लिई उपस्थित हुनुपर्नेछ ।**

श्रम इजाजत नं. ३४८/०५९/०६०
**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोन: 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351

## युएईमा रोजगार

**कम्पनी: POWER RECRUITMENT LLC**
शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/०५ चलानी नं.: ६०२१०२९० LT. No.: 295290

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 300 | 0 | स. काममा दक्ष | 800 | २८,९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० मंसिर १३ गते (29 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदाले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474 | 9823614160
9802099412 | 9801117416 | Chitwan: 056598203
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

## ओमनमा रोजगार

**कम्पनी: OMAN GREEN CO LLC**
शहर: Bousher
पूर्व स्वीकृत मितिः २०८०/०८/०५ चलानी नं.: ६०२१०२८५ LT. No.: 295240

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mobile Mixer Driver | 2 | 0 | स. काममा दक्ष | 190 | ६५,७७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १३ गते (29 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**David Foreign Recruitment Agency Pvt. Ltd.**
Govt Lic. No: 1248/074/075
Bhimsengola-31, Bagmati Corridor, Kathmandu, 01-5915447
Hotline : 9804068005, 9841595615, Email : jobsdavidhr@gmail.com

## कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रागेचौर, सल्यान, कर्णाली प्रदेश, नेपाल**

**सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८०/०८/०५)**

कुमाख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रागेचौर सल्यानको प्राविधिक सेवा तथा अन्य तर्फ तपसिल बमोजिमको पदमा कर्मचारी सेवा करारमा लिनु पर्ने भएकोले न्युनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग भए बमोजिमको विवरण सहित यस कार्यालयमा दरखास्त दिनु हुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१-२०८०/०८१ | सिभिल इन्जिनियर | छैठौं | १ | |
| २. | ०२-२०८०/०८१ | कार्यालय सहयोगी | तहविहिन | २ | |
| ३. | ०३-२०८०/०८१ | सुईपर | तहविहिन | ३ | |

**अ. आवश्यक न्युनतम योग्यता र अनुभव (सिभिल इन्जिनियर पद तर्फ):**

१) **योग्यता** : सिभिन इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण भएको ।

२) **अनुभव र सिप** : सिभिल इन्जिनियर पदका लागि देहायका अनुभव र सिप आवश्यक पर्नेछ ।
   क. पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार तथा बिश्लेशन गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न समुह/टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा १ (एक) बर्ष अनुभव भएको ।
   ख. Auto–CAD सम्बन्धी अध्यायन गरेको ।

३) **उमेर** : कम्तीमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

४) **दरखास्त दिने स्थान** : कुमाख गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, रागेचौर सल्यान ।

५) **दरखास्त दिने अन्तिम मिति** : २०८१ मंसिर १९ गते कार्यालय समय भित्र सम्म ।

६) **आवेदन दस्तुर** : रु.५००/- (अक्षरेपि पाँच सय रुपैंया मात्र) ।

७) **छनौटको किसिम** : लिखित र मौखिक/अन्तरवार्ता परिक्षा ।

८) **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु** : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरुको प्रतिलिपिहरु :
   (क) नेपाली नागरिकता प्रमाणपत्र
   (ख) न्युनतम योग्यताको लब्धांक पत्र
   (ग) चारित्रिक प्रमाण पत्र
   (घ) अनुभव खुल्ने कागजात
   (ङ) २ प्रति पासपोर्ट आकारको फोटो

**आ. आवश्यक न्युनतम योग्यता र अनुभव (कार्यालय सहयोगी र सुईपर पद तर्फ):**

१) **योग्यता** : सामान्य लेखपढ गर्न सक्ने ।

२) **उमेर** : कम्तीमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

३) **दरखास्त दिने स्थान** : कुमाख गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, रागेचौर सल्यान ।

४) **दरखास्त दिने अन्तिम मिति** : २०८१ मंसिर १९ गते कार्यालय समय भित्र सम्म ।

५) **आवेदन दस्तुर** : रु.३००/- (अक्षरेपि तिन सय रुपैंया मात्र) ।

६) **छनौटको किसिम** : अन्तरवार्ता परिक्षा (यस गाउँपालिका र सम्बन्धित वडाका उम्मेदवारलाई प्राथमिकता दिइनेछ) ।

७) **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु** : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरुको प्रतिलिपिहरु :
   (क) नेपाली नागरिकता प्रमाणपत्र
   (ख) उपलब्ध भए सम्म शैक्षिक प्रमाणपत्रहरु
   (ग) २ प्रति पासपोर्ट आकारको फोटो

**कार्यसम्पादन विवरण तथा सेवा सुविधा** : सेवा करारमा छनौटको प्रक्रिया, योग्यता, पारिश्रमिक तथा सेवाका शर्तहरु कुमाख गाउँपालिका कर्मचारी छनौट कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

**नोट** : दरखास्त आवेदन फाराम यस कार्यालयको Website: www.kumakhmalikamun.gov.np मा उपलब्ध छ र अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।



मध्यान्ह
www.madhyanhadaily.com
६ मंसिर २०८०, बुधबार
22 November 2023, Wednesday

## सम्पादकीय

# भय सिर्जना नगर

सरकारले मंगलबार संघीय राजधानी उपत्यकाका भीआईपी र भीभीआईपी क्षेत्रमा निषेधित क्षेत्र घोषणा गरेको छ । राष्ट्रपति भवन सितल निवास, प्रधानमन्त्री निवास बालुवाटार, सिंहदरबार परिसरलाई निषेधित क्षेत्र घोषणा गरेको हो । यसअघि नै ललितपुरस्थित मन्त्री निवास क्षेत्र, माइतीघर मण्डलादेखि नयाँ बानेश्वर क्षेत्र निषेधित क्षेत्र घोषणा भइसकेको छ । निषेधित क्षेत्र घोषणा हुने क्रम बढेपछि मुलुकमा ठूलै केही हुँदैछ कि भन्ने त्रास जनतामा फैलिएको छ । शिक्षणसंस्था सञ्चालकदेखि ब्यापारीसम्मले आफ्नो नियमित काममा अवरोध सिर्जना हुने हो कि भन्ने भय सार्वजनिक रूपमा व्यक्त गर्न थालेका छन् ।

